## अध्याय आठ

# सम्भाव्यता

### प्रतिक्रिया

स्पेसको प्रतिवेदन फ्याक्समार्फत टोकियो कार्यालयमा पठाएपछि मैले स्पेसप्रतिको स्पष्टीकरणस्वरूप प्रतिक्रियाहरू लेख्न सुरु गरेँ। लेख्ने क्रममा कति पटक त मनका तरङ्गहरू उम्लेर आउँदा वाक्यहरू भावनात्मक हुनपुग्दा रहेछन्। धेरैचोटि त्यस्ता भावविह्वल वाक्यहरू सच्याउनु पनि पऱ्यो। लेख्दै गएँ, रात बितेर मिर्मिरे भइसकेको रहेछ। स्पेसले दोस्रो चरणमा गरेको अनुसन्धान प्रतिवेदनमाथिको प्रतिक्रयामा आफूले के लेखेको रहेछु भनेर पुनः पढ्दा यस्तो पाएँ:

*प्रिय ध्रुवजी,*

*शारीरिक अस्वस्थताका बावजुद पनि प्रतिवेदन तयार गर्नुभएकोमा धेरै धन्यवाद छ। साथै दोस्रो चरणको अनुसन्धानमा तपाईंहरूले के कस्ता बाधाअड्चन सामना गर्नुपऱ्यो भन्ने सम्बन्धमा मलाई स्पष्ट जानकारी दिनुभएकोमा पनि धन्यवाद दिन चाहन्छु।*

यसपटकको प्रतिवेदनमा शाप्ला नीरले स्थानीय बासिन्दा र स्थानीय गैरसरकारी संस्थासँग कसरी सम्बन्ध बढाउँदै जानुपर्छ भन्ने सम्बन्धमा अमूल्य विचारहरू समावेश भएका छन् भन्ने लागेको छ। त्यसैले मैले शाप्ला नीर, टोकियो कार्यालयमा पनि त्यसको प्रतिलिपि पठाएको छु। यद्यपि प्रतिवेदनमा प्रस्तुत गरिएका कतिपय प्रसङ्गहरू र तिनको वास्तविक विश्लेषणका सम्बन्धमा पनि प्रश्नहरू नभएका भने होइनन्।

प्रस्तुत प्रतिवेदनमा उल्लिखित विषयवस्तुको प्रतिक्रिया त पछि गर्दै गरौँला। मैले यहाँ विशेष रूपमा जोड दिन चाहेको कुरा चाहिँ यथार्थता र त्यसको विश्लेषण गर्दा स्पेसले शाप्ला नीरको सम्बन्धमा मात्रै होइन, स्वयं आफ्ना कमीकमजोरीहरूको पनि मूल्याङ्कन गर्न सक्नुपर्दछ। स्पेसको पहिलो दायित्व पूर्व सहमति भएका कुराहरूलाई पालना गरी अनुसन्धानको परिणाम प्रतिवेदनमा प्रस्तुत गर्नुपर्ने थियो। अहिलेसम्मको अनुसन्धानबाट प्राप्त भएका आँकडाहरूलाई निरपेक्ष तरिकाले विश्लेषण नगर्ने हो भने कमैया प्रथा र पुनर्वासीले भोगिरहेका समस्या र पीडाको कारण पहिल्याउन सकिँदैन, न त यस समस्याको निराकरणको उपयुक्त निकास नै निस्कन सक्दछ।

## पृष्ठभूमिको सम्बन्धमा

कार्यालय प्रमुखको निरन्तरताका लागि तपाईंले भोग्नु परेको दुःखमा मेरो सहानुभूति त छ तर यो केवल स्पेसको आन्तरिक मामिला हो। अनुसन्धानमा ढिलाइ भएको कारणको रूपमा यसलाई प्रतिवेदनमा समावेश गर्नुपर्ने जस्तो त मलाई लाग्दैन। पहिलोबाट पछिल्लो व्यक्तिमा जिम्मेवारी हस्तान्तरण हुने प्रक्रियाको समस्या त स्पेसले संस्थागत रूपमा वहन गर्नुपर्ने कुरा हो।

## दोस्रो चरणको अनुसन्धान कसरी अघि बढाइयो भन्ने सम्बन्धमा

दोस्रो चरणको अनुसन्धानको योजना अनुमोदन गरिएको प्रक्रियाका सम्बन्धमा प्रतिवेदनमा उल्लेख गरिएका कुराहरू प्रायजसो सत्य नै हुन्। तर कनरा आयोगसँग समस्या बल्झिनुको सबभन्दा ठूलो कारण शाप्ला नीरसँग औपचारिक रूपमा अनुमति नलिइकन स्पेसद्वारा कनरा आयोगलाई आर्थिक सहयोग गर्ने वचन दिनु हो। त्यो वचनबाट पछि हटेपछि त्यसलाई कनरा आयोगले "सहमतिको

उल्लङ्घन" भनेर लियो । अन्ततः यसको नतिजाले उनीहरूको विरोधलाई निम्त्याइदियो । साथै प्रतिवेदनमा शाप्ला नीरका कार्यालय प्रमुख कावागुचीजी तथा मेरो नाम उल्लेख गर्दा स्पेसका पूर्व कार्यालय प्रमुख केशव गौतम तथा पूर्व संयोजक अनिल भट्टराईको नाम पनि उल्लेख गरी वास्तविकतालाई स्पष्ट पार्नु पर्दथ्यो ।

दोस्रो, "कनरा आयोगको राजनीतिक दलसँग बलियो सम्बन्ध छ" भन्ने आधारमा शाप्ला नीरले आर्थिक सहयोग उपलब्ध गराउन आनाकानी गरेको वास्तविक हो । त्यस्तो निर्णय स्पेसले शाप्ला नीरलाई उपलब्ध गराएको जानकारीमा आधारित छ । पहिलो चरणमा स्पेसद्वारा प्रस्तुत गरिएको प्रतिवेदनमा "कनरा आयोगको स्थानीय वामपन्थी पार्टीसित बलियो सम्बन्ध रहेको" भन्ने कुरा स्पष्ट रूपमा उल्लेख गरिएको थियो । तसर्थ शाप्ला नीरले "कनरा आयोगलाई आर्थिक सहयोग उपलब्ध नगराउने निर्णय कनरा आयोगको पछाडि राजनीतिक शक्ति छ भन्ने स्पेसको विश्लेषणमा आधारित छ" भन्ने कुरा म फेरि पनि दोहोऱ्याउन चाहन्छु ।

कनरा आयोगले नेकपा एमालेको शासनकालमा पुनर्स्थापनका लागि जग्गा बाँडफाँटमा प्रभाव जमाएको कुरा पनि प्रथम चरणको अनुसन्धान प्रतिवेदनमा उल्लेख गरिएको थियो । यी कुराहरूले कनरा आयोग नेकपा एमाले पार्टीसँग निरन्तर सम्पर्कमा रहेको वास्तविकतालाई नै पुष्टि गर्दछन् । मैले रमेशसँग "कनरा आयोग नेकपा एमाले पार्टीसँग नजिक रहेको प्रतिवेदन पाएको" भन्ने कुरा पनि स्पेसको तर्फबाट उपलब्ध गराइएको जानकारीमा आधारित थियो ।

रमेशको व्यक्तिगत क्रोध कसरी यति चाँडो पुनर्स्थापित क्षेत्रमा फैलियो भन्ने सम्बन्धमा समेत अहिलेसम्म हामीहरूबाट स्थानीय बासिन्दासँग स्थापित सम्पर्क र सम्बन्धबारे पनि आत्मालोचना गर्नु जरूरी छजस्तो मलाई लाग्दछ । स्थानीय बासिन्दाले स्पेसको अनुसन्धानमा वास्ता नगर्नुमा हामीले पुनर्स्थापित क्षेत्रमा एकवर्ष लामो अनुसन्धान प्रक्रिया पनि जिम्मेवार देखिन्छ । यस अवधिमा हामीले महिला तथा बालबालिकाहरूका लागि साक्षरता कक्षाबाहेक स्थानीय बासिन्दाको लागि कुनै सहयोगी कार्यक्रम सञ्चालन गर्न सकेनौं । स्थानीय पुरूष बासिन्दाको एउटा समूह त यस कुरामा स्पष्टरूपले असन्तुष्ट भइसकेको थियो । त्यसमा पनि महिला साक्षरता कक्षामा छलफल हुने थारू समाजमा विद्यमान महिला शोषणविरुद्ध

*चेतना जागरणको[१] कुराले विशेष गरी पुरूषहरूको असन्तोषको आगोमा घ्यू थप्ने काम गर्‍यो । रमेशको क्रोधमा प्रायजसो पुरूष बासिन्दाले साथ दिनुमा यो कारणलाई पनि नकार्न सकिँदैन ।*

### *यसपटकको अनुसन्धानबाट प्राप्त ज्ञानका सम्बन्धमा*

*बुँदा नं. (१) र (२) को सन्दर्भ*

*शाप्ला नीरले स्थानीय परिस्थितिअनुसार उपयुक्त निर्णय लिन र त्यसलाई कार्यान्वित गर्न सकोस् भनेर अनुसन्धानको सुरुको अवस्थादेखि नै स्पेसलाई 'केही हदसम्मको निर्णयाधिकार' प्रत्यायोजन गरेकै जस्तो लाग्दछ । बरु अनुसन्धान क्षेत्रको चयन, अनुसन्धानको सीमा, कार्यतालिका, अनुसन्धान टोलीका सदस्यहरूको छनोटजस्ता प्रक्रियामा पहिले नै स्पेसबाट शाप्ला नीरलाई प्रस्ताव गरिएको हो, न कि यसको विपरीत । शाप्ला नीरले अहिलेसम्म एकपटक पनि स्पेसलाई "निश्चित कार्ययोजना" तथा "कार्यपद्धति आचरण" को कुनै सर्तबन्दी गरेको छैन । खास भन्ने हो भने कार्ययोजनाको प्रस्ताव एक वर्षदेखि प्रतीक्षा गरिएको थियो । शाप्ला नीरको आर्थिक सहयोगद्वारा पहिले नै सम्झौता गरिएको तेस्रो पक्षलाई उपलब्ध गराउन पाउने अधिकारको प्रत्याभूतिको कुरा बिलकुल भिन्दै विषय हो ।*

---

[१] सन् १९९६ को डिसेम्बरमा काजमा बर्दिया गएको बेला मलाई स्पेसका एकजना स्थानीय कार्यकर्तामार्फत साक्षरता कार्यक्रममा सहभागी एकजना महिलाद्वारा लेखिएको यस्तो लेख हेर्ने अवसर प्राप्त भएको थियो: "हामी महिला, तर किन हामीमाथि भेदभाव गरिन्छ ? एकदिन विवाह गरेर गाउँबाट बाहिर जाने भएको हुनाले सबैजनाले हामीलाई हेलाँ गर्छन् । मेरा आमाबाबुले पनि भाइ र दाइलाई मात्र माया गर्नुहुन्छ, किन होला ? यदि यो संसारमा स्वास्नी मान्छे नहुने हो भने बच्चा कसले जन्माउने ? त्यसैले आमाबाबुले पनि हामीलाई माया गर्नुपर्छ । हामीले पनि खाना बनाई घरको काममा सहयोग गर्दछौं । त्यसो भए पनि किन हामी हेलाँका पात्र बनेका छौं ? हामी १६ वर्ष पुग्यौं भने आमाबाबुले दाजुभाइको विवाहकै लागि समेत हामीलाई पराइको घरमा मानौं घरपालुवा वस्तुभाउजस्तै पठाइदिनु हुन्छ । तर हामी महिलाहरू वस्तुभाउ होइनौं । हामी सबैले एकजुट भएर यस प्रथाको अन्त गर्नुपर्छ । हामी कदापि एक्ला छैनौं । गाउँका बासिन्दामध्ये आधा त महिलाहरूकै सङ्ख्या छ । त्यसैले हामी सबै एकजुट भएर यस प्रथालाई बदल्नै पर्दछ ।" यहाँ उल्लिखित समस्या थारू समाजमा भएको "सतार" भन्ने प्रथा हो । थारू जातिको विवाहमा दुलाहाका आमाबाबुले दुलहीका आमाबाबुलाई उपहार पठाउनु पर्दछ । तर यदि दुलाहाको घरमा विवाहयोग्य चेली छन् भने दुलहीतर्फका आमाबाबुले आफ्नो छोराको लागि ती चेलीको हात माग्दछन् । यसरी छोराको विवाहको लागि छोरी साट्ने गरिन्छ । यस्तो अवस्थामा उपहार दिनुलिनु पनि पर्दैन । यसप्रकार छोरीको विचारलाई प्राथमिकता दिइन्न र तिनलाई बलजफ्ती अर्को पक्षलाई सुम्पिइन्छ ।

कनरा आयोगलाई आर्थिक सहयोग गर्ने कुरामा शाप्ला नीर एकदमै सजग भएको कारण "कनरा आयोग वामपन्थी राजनीतिक पार्टीसँग सम्बन्धित" छ भन्ने प्रतिवेदन स्पेसबाट पाएर नै हो । यदि स्पेसले कनरा आयोगको पक्षमा आफ्नो मूल्याङ्कनलाई बदली पैरवीको क्षेत्रमा सँगै काम गर्ने प्रस्ताव आयो भने पनि शाप्ला नीर आफूले दिएको आर्थिक सहयोग कुन उद्देश्यका लागि कस्तो ठाउँमा प्रयोग गर्ने हो, त्यसको स्पष्टताका लागि स्पेसलाई आग्रह गर्न बाध्य हुनुपर्दछ ।

बुँदा नं. (६), (७) र (८) को सन्दर्भ

नेपालमा आफ्नो क्रियाकलाप प्रारम्भ गर्नुभन्दा अगाडि कुनै पनि देशमा स्थानीय गैससससँग काम गरेको अनुभव शाप्ला नीरसँग थिएन । कसो गरेमा परिकल्पित साझेदारी स्पेससँग परिमार्जित गर्दै जान सकिन्छ भन्नेबारे हामी अध्ययनकै क्रममा छौँ भन्ने कुरा स्वीकार गर्दछौँ । त्यसकारण पनि हामीले स्पेसको उपयुक्त साझेदार बन्नका लागि त्यताबाट आउने प्रत्येक विचार र प्रस्तावलाई खुला दिलले सुन्न-बुझ्न चाहन्छौँ ।

खास गरी साझेदारी भनेको परस्पर र दोहोरो भूमिकामा आधारित हुने कुरा हो र जानकारी आदान-प्रदानको सम्बन्धमा पनि यो कुरा उपयुक्त छ जस्तो लाग्दछ । शाप्ला नीरको नेपालस्थित प्रतिनिधिको कार्यक्षेत्रको भ्रमणले सञ्चालित स्थानीय कार्यक्रममा नकारात्मक असर पार्नसक्ने आभास स्पेसलाई भएको थियो भने यो कुरा स्पेसले शाप्ला नीरलाई स्पष्ट रूपमा व्यक्त गर्नसक्थ्यो । वास्तवमा अहिलेसम्मको अनुसन्धानको क्रममा मैले कतिपटक त स्पेस को सुझावबमोजिम कार्यक्षेत्र भ्रमण योजना रद्द गरेको पनि छु ।

यद्यपि यस्तो परिस्थितिमा पनि हामीले स्पेसको तर्फबाट अनुसन्धानको प्रगति विवरण प्राप्त गर्न चाहन्छौँ । दोस्रो चरणको अनुसन्धानको अवधिमा स्पेसले फेब्रुअरीको अन्तसम्ममा मध्यावधि प्रगति विवरण पेश गर्नुपर्नेमा त्यसको पालना भएको छैन । कनरा आयोगसँग उत्पन्न भएको समस्याले गर्दा विस्तृत विवरण पेश गर्न नसके तापनि कमसेकम अनुसन्धानबाट बुझिएको ठोस निष्कर्ष मात्रै भए पनि प्रस्तुत हुनेछ भन्ने कुराको आशा मैले गरेको छु ।

अन्त्यमा म शाप्ला नीर र स्पेससँगको साझेदारी सम्बन्ध कस्तो हुनुपर्दछ भन्ने सम्बन्धमा फेरि पनि तपाईंसँग खुलेर कुराकानी गर्न चाहन्छु । तर त्यो स्पेसद्वारा अनुसन्धानको निष्कर्षसहितको प्रतिवेदन र त्यसमा आधारित भावी

*कार्ययोजनाको प्रस्तुतिपछि मात्र आफ्नो उत्तरदायित्व पूरा भएको भन्ने अर्थमा सम्भव हुनेछ ।*

*अहिलेसम्म मैले गरेका कुराहरूको सम्बन्धमा तपाईंको विचार सुन्न म उत्सुक छु ।*

*एइइची सादामाचु*
*नेपालस्थित आवासीय प्रतिनिधि*
*शाप्ला नीर*

## हाम्रो पनि कमजोरी थियो कि ?

यति प्रतिक्रिया लेखिसकेपछि मेरो उत्तेजना पनि केही शान्त भयो र ठण्डा दिमागले सोच्नसक्ने अवस्थामा फर्कें । समस्याजति सबै शाप्ला नीरको थाप्लोमा हालेर आफ्ना कमजोरीलाई लुकाउन खोज्ने स्पेसको चाला देखेर पहिले त मलाई झनक्क रिस पनि उठ्यो । तर त्यो प्रतिवेदनमा उल्लिखित कतिपय बुँदाहरूमा त मैले पनि गम्भीर भएर विचार गर्नुपर्ने कुराहरू पनि रहेछन् ।

सबभन्दा पहिला त मेरो र स्पेसको सम्बन्धबारे "स्पेसबाट प्राप्त प्रत्येक सूचनालाई सादामाचुद्वारा अनावश्यक रूपमा रमेशलाई बताइयो" भन्ने कुरालाई मैले नमानी हुँदैन । वास्तवमा त्यस बेला बर्दिया जिल्लाको काजमा म तालिमको निरीक्षण गर्ने उद्देश्यले गएको थिएँ । रमेशसँगै भेटघाट गर्ने भन्ने योजना थिएन । तर त्यहाँ पुगेपछि स्पेसका कर्मचारीका कुरा सुनेपछि मात्र "आफैंले प्रत्यक्ष रूपमा भेटेर कुरा गर्ने" निर्णय गरेको हुँ । त्यसैले रमेशसँग के कस्तो कुरा गर्ने, स्पेसबाट प्राप्त जानकारी कतिसम्म रमेशलाई भन्दा हुन्छ भन्ने सम्बन्धमा ध्रुवसँग पहिले नै सरसल्लाह हुन नसकेको वास्तविकता हो ।

त्यो भन्दा पनि मलाई विचारणीय लागेको कुरा हामी र स्थानीय बासिन्दाबीचको सम्बन्धबारे गरिएको टिप्पणी हो । अझ "अनुसन्धान भनेको स्थानीय बासिन्दाबाट सुनेका कुरा बाहिर ल्याउनु हुँदैन" भन्ने एक वाक्यमा गएर म अड्किन पुगें ।

हामीले यो अनुसन्धान सुरु गर्नुको उद्देश्य "बासिन्दा स्वयंद्वारा आफ्नो जीवनयापनको समस्या पहिचान गरी त्यसको निराकरणका उपायबारे उनीहरूलाई सहयोग गर्ने" थियो । तर कालान्तरमा त्यो कुरा स्पेसद्वारा बासिन्दामार्फत स्थानीय अवस्था बुझी त्यसको निष्कर्ष शाप्ला नीरलाई प्रतिवेदनमार्फत अवगत

गराउने प्रक्रियामा परिणत हुन पुग्यो । यो कुरा स्थानीय बासिन्दाको तर्फबाट हेरेमा आफूले चालै नपाई आफ्ना कुराहरू मनपरी ढङ्गले सार्वजनिक गरिएको भन्ने अवगाल आएको देखिन्छ । "स्पेसले जासुसी गरेको छ" भन्ने रमेशको आरोपमा व्यक्त कटु आलोचनाले हामीले गरेको अनुसन्धानको किसिम र वास्तविकतालाई थोरै भए पनि इङ्गित गरेको छ ।

यसबाहेक "कनरा आयोगबाट अनुसन्धानमा सहयोग पाइरहँदा पनि उनीहरूको सहयोगको अपीललाई नकार्नु भनेको सैद्धान्तिक रूपमा नमिल्ने" भन्ने कुराले हामीले कमैयासँग कस्तो किसिमले सम्बन्ध स्थापना गर्ने भन्ने आधारभूत प्रश्न उठाएको छ । अहिलेसम्मको अनुसन्धानबाट स्पष्ट भएको कुरा, जस्तै पहिले "परिवारको लागि कमाउने" कमैयाहरू जमिनदारसँगको सम्झौतामा बाँधिएपछि "कृषि मजदुर" को रूपमा परिवर्तित हुन पुगेको कारण जमिनदारद्वारा तिनीहरूको जग्गा हडपिनु हो । त्यसैले सो हडपेको जग्गा फिर्ता गर्ने विन्दुबाट कमैया समस्याको समाधान खोज्नुपर्छ भन्ने रमेशको आह्वान सान्दर्भिक र जायज छ ।

शाप्ला नीरको "जग्गाप्राप्तिको आन्दोलनमा सहयोग गर्न नसक्ने" भन्ने अडानलाई कमैया समस्याको सम्बन्धमा गलत मान्न मिल्दैन । किनभने नेपालमा काम गर्ने विदेशी गैसस भएको कारण आफ्नो हैसियत र सीमाको पनि ख्याल राख्नुपर्ने भएकोले नै हामीले सो अडान राखेका हौँ ।

स्पेसको अनुसन्धान टोलीको पहिलो चरणको प्रतिवेदनमा उल्लेख गरिएको एउटा अध्याय अहिले मैले सम्झिरहेको छु । "उपयुक्त प्रश्नको प्रतिपादन गरी, साधारण महिला, पुरूष र बालबालिकाहरूबाट केही सिकौं भन्ने दृढता र धैर्यको भावनाबाट हामीहरूले उनीहरूको इतिहास, अनुभव, सुखदुःख, सफलता असफलताका कुरा एकपछि अर्को गर्दै प्राप्त गर्न सक्छौँ । तर उनीहरूको कुरा केवल चुप लागेर सुनिरहनु हाम्रो लागि निकै कष्टपूर्ण भयो । हामीहरू अहिले अनुसन्धानकर्ताको रूपमा गाउँमा बसिरहेका छौँ तर सधैँका लागि यहीँ बस्ने त होइन । कुनै समय त हामी यहाँबाट नगई हुँदैन भन्ने वास्तविकताले हामीलाई अधीर बनायो । समुदायमा स्थानीय बासिन्दासँगै जीवनयापन गर्ने कुराले अन्यौलमा पऱ्यौँ । न हामी उनीहरूको कष्टलाई वेवास्ता गर्न सक्छौँ न त खालि त्यसैमा ध्यान दिन । त्यस्तो अवस्थाले हामी अत्यन्तै सङ्कटमा पऱ्यौँ (SPACE 1996) ।

स्पेसको अनुसन्धान टोलीले पुनर्वासीहरूसँग एक वर्षभन्दा लामो समयसँगै बिताई तिनीहरू जग्गाविहीन भएको बेलाका दुःख तथा सो जग्गाप्राप्तिको

दौरानमा भोगेका कष्टहरू सुन्दै आएकै हो । तर पनि तिनीहरूको जग्गा फिर्ता गर्नका लागि हामी असमर्थ भएकोमा निकै दुःखी भएका छौँ ।

ध्रुवलाई भेटेर मेरो लेख उहाँलाई दिँदै रमेशसँग भेट्नुभन्दा अगाडि हामीबीच कुराकानी हुन नसकेकोमा मैले क्षमा मागेँ । त्यसपछि अहिलेसम्मको अनुसन्धानको प्रतिफलसहितको निष्कर्ष ल्याउने काम भएन भने जग्गाप्राप्ति अभियानमा सहयोग गर्ने त परै जाओस्, पुनर्स्थापित बासिन्दाका लागि समेत केही गर्न सकिँदैन भन्ने धारणा मैले राखेँ । साथै ठोसरूपमा अनुसन्धानको निष्कर्ष समावेश भएको प्रतिवेदन सकेसम्म छिटो पेश गर्नका लागि उहाँलाई अनुरोध पनि गरेँ ।

अर्कोतिर शाप्ला नीरको टोकियो कार्यालयमा पनि मैले फ्याक्समार्फत ध्रुवलाई लेखेको प्रतिक्रियाको प्रतिलिपिसँगै यस्तो अनुरोध पठाएँ, "यसपटकको अनुसन्धान धेरै लामो भएको कारणमा म पनि जिम्मेवार छु । स्पेसले अनुसन्धान समाप्त गरी प्रतिवेदन तयार गर्नका लागि अरू केही समय पाउन चाहन्छु ।"

## पुनर्स्थापित बासिन्दाको वर्गीकरण

जून महिना लागिसकेपछि बल्ल अनुसन्धानको प्रतिवेदन पेश गरियो । त्यसमा विभिन्न पक्षमा अपूरा तथ्याङ्कहरू थिए र भएका तथ्याङ्कमा पनि विश्लेषणको कमी थियो । मैले भावी कार्ययोजना बनाउनका लागि आवश्यक तथ्याङ्क र तथ्याङ्कको विश्लेषणमा ध्यान दिनुपर्ने बुँदाहरू विस्तृत रूपमा उल्लेख गरी फेरि ध्रुवलाई फिर्ता गरेँ । विशेष गरी मैले जोड दिएको पक्ष पुनर्स्थापित बासिन्दा सबैलाई एउटै वर्गमा नराखी तुलनात्मक रूपमा राम्रो जीवनयापन गरिरहेको समूह र अति नै नाजुक अवस्थाको जीवनयापन गरिरहेको समूह छुट्ट्याई दुवै पक्षबीचको भिन्नता हेर्न सकिन्छ । यस्तो भिन्नताको विश्लेषण गर्ने हो भने किन त्यसो भएको हो भन्ने वास्तविकतासम्म पुग्न सकिन्छ । मैले यस कुरामा ध्यान दिनाको मुख्य कारण प्रस्तुत प्रतिवेदनमा उल्लिखित अभिव्यक्तिमा थियो – "बर्दिया जिल्लामा पुनर्स्थापन गरिएका कमैयाहरूले केही मात्रामा भए पनि जग्गा आफ्नो हातमा पार्न त सके । तर त्यसबाट हुने उब्जनीले सबै परिवारलाई जीवननिर्वाह गर्न पुग्दैन । उनीहरूलाई 'पुनर्स्थापित बासिन्दा' भनेर त भनिन्छ तर वास्तवमा तिनीहरूमध्ये पुनः कमैयामा फर्किने पनि निस्केका छन् ।

"पुनः कमैयामा फर्किने" भनेको के होला ? पुनर्स्थापित क्षेत्रबाट अलग्गिएर फेरि जमिनदारको अधीनमा गएको भनेको हो कि ? अथवा पुनः जमिनदारको

ऋणी भनिएको हो ? हेरौँ पुनः कमैया भएका व्यक्ति र नभएका व्यक्तिबीचको फरक ।

**चित्र ३: पुनर्स्थापित बासिन्दाको वर्गीकरण**




कनरा आयोगलाई आर्थिक सहयोग गर्ने सम्बन्धमा समस्या उत्पन्न भएदेखि मसँग ध्रुवको व्यवहारमा अलिकति फरकपन आएको थियो । तर यसपटक हामीबीच भएका कुराकानीपछि चाहिँ त्यसमा केही सकारात्मक परिवर्तन देखिन थालेको पाइयो । पछि सोध्दाखेरि पनि अनुसन्धानको परिणामसम्बन्धी उपयुक्त प्रतिवेदन कसरी तयार पारेर पेश गर्ने होला भन्ने कुरामा उहाँ चिन्तित हुनु भएको रहेछ । "पुनः कमैयामा फर्किने व्यक्तिहरू पनि छन्" भन्ने स्थानीय तहबाट आएको प्रतिवेदनमा उहाँको पनि ध्यान गएको रहेछ । तर मेरो प्रतिक्रिया पढेपछि फेरि एकपल्ट अनुसन्धानका प्रक्रियागत कुराहरू मिलाउने सम्बन्धमा प्रस्ट भएको बताउनुभयो ।

अब स्पेसको अनुसन्धान टोली ध्रुव र मेरो निर्देशनअनुसार स्थानीय कार्यक्षेत्रमा फर्की नपुग तथ्याङ्क बटुलेर प्रतिवेदन पुनर्लेखनको तयारीमा जुट्यो । नेपालमा जुन कुरा पनि आफ्नै तालमा बिस्तारै गर्ने हुँदा झन्झन् समय बित्दै गयो ।

म्याद नाघेको ६ महिनापछि, सन् १९९७ को अक्टोबर महिनामा बल्ल अनुसन्धान प्रतिवेदन तयार हुन सक्यो । त्यो प्रतिवेदन पढ्दा मेरो खुशीको सीमा रहेन (SPACE 1997) । किनभने त्यसमा पुनर्स्थापित बासिन्दाको जनसङ्ख्या, उमेर, साक्षरता प्रतिशतजस्ता आधारभूत तथ्याङ्कलगायत एउटा साह्रै महत्त्वपूर्ण कुरा समावेश गरिएको थियो । त्यो के भने पुनर्स्थापित बासिन्दाहरूलाई "मोही", "ज्यालादारी मजदुर" र "कमैया" गरी तीन वर्गमा विभाजन गरिएको थियो ।

स्थानीय बासिन्दाको यो श्रेणी विभाजनअनुसार चित्र ३ मा जस्तै उनीहरूको स्तर पनि उपल्लो र तल्लो भनेर बुभ्न सकिन्थ्यो। तर त्यसमा फाइदा र बेफाइदाको पक्ष तालिका ३ मा जस्तै वर्गअनुसार फरक थियो। सङ्क्षेपमा "तल्लो वर्गलाई न्यूनतम जीवननिर्वाहको ग्यारेण्टी भए पनि कामको स्वतन्त्रता तथा आय वृद्धिका अवसर जस्ता कुरामा बन्देज थियो। उपल्लो वर्गमा चाहिँ त्यसको विपरीत" भन्ने थियो।

**तालिका ३: पुनर्स्थापित जग्गामा प्रत्येक वर्गको फाइदा र बेफाइदाका पक्षहरू**

| वर्ग | फाइदा | बेफाइदा |
|---|---|---|
| **मोही** | १. कृषि उत्पादनको ५०% ज्यालाको रूपमा पाउने भएकोले आयको हिसाबले अरू दुई वर्गको भन्दा सामन्यतया धेरै हुन्छ।<br>२. वर्षभरिको कामको निश्चितता छ।<br>३. आकस्मिक खर्च वृद्धि भएमा जमिनदारसँग ऋण लिन सकिन्छ।<br>४. कमैयाको तुलनामा जमिनदारको ब्याजदर कम। | १. फसलको क्षतिजस्ता जोखिम पूर्ण स्थितिमा जमिनदारसँग त्यसको बराबरी हिस्सा लाग्ने हुन्छ।<br>२. सम्झौता गर्दा खेत जोत्नको लागि गोरुको व्यवस्था तथा जमिनदारलाई अरू काममा पनि सहयोग गर्नुपर्ने हुनाले परिवारको सदस्य सङ्ख्या धेरै हुनुपर्छ। |
| **ज्यालादारी मजदुर** | १. जमिनदारको हैकम हुँदैन।<br>२. आफ्नो व्यक्तिगत मजदुरीले काम चल्छ।<br>३. सीपअनुसार आयवृद्धि तथा कामको अवसर हुन्छ। | १. विशेष सीप नभएमा ज्याला पनि कम हुने र अस्थायी काम मात्र पाउने स्थिति हुन्छ।<br>२. आकस्मिक खर्च वृद्धि भएमा साथीभाइ या परिवारमा निर्भर हुनुपर्छ। |
| **कमैया** | १. उत्पादनको परिमाणमा मतलब हुँदैन, न्यूनतम आयको निश्चितता हुन्छ।<br>२. वर्षभरिको कामको निश्चितता हुन्छ।<br>३. आकस्मिक खर्च वृद्धि भएमा जमिनदारसँग ऋण लिन सकिन्छ।<br>४. विशेष सीपको आवश्यकता नपर्ने हुनाले आफू एक्लैको मजदुरीले काम चल्न सक्छ। | १. जमिनदारको हैकम बढी हुने हुनाले कृषि बाहेक अरूखाले मजदुरी पनि निःशुल्क गर्नुपर्ने हुन्छ।<br>२. सामान्यतया कृषि उत्पादनको चार भागको एक भाग आम्दानी हुन्छ। आकस्मिक खर्च जमिनदारसँगको ऋण लिएर चलाउनु पर्ने हुनाले उक्त ऋण चुक्ता गर्नका लागि आफू र आफ्नो परिवारसमेतले जमिनदारको अधीनमा काम गर्नुपर्ने हुन्छ। |

केशव गौतम र मैले राजापुरमा पहिलो पटक कमैयासँग अन्तर्वार्ता लिने प्रयास गर्दाखेरि कमैया आफैं पनि आफ्नो वर्तमान अवस्थाप्रति सन्तुष्ट भएकोजस्तो भान

मलाई परेको थियो। यो मैले कत्ति पनि नबुझेको कुरा थियो। जमिनदारबाट कमैया बाध्य पारिएकोले हामीले त्यस्तो जवाफ पाएका हौँ भन्ने लागेको थियो। तर कृषि काम गर्नेबाहेक अरू सीप नभएका र जग्गा तथा वस्तुभाउ पनि नभएकाहरूलाई कमैया भएर कसैको मातहतमा काम गरे पनि न्यूनतम आयको ग्यारेन्टी हुने भएकोले बाँच्नका लागि पनि यो बाटो रोज्नु राम्रो हुने रहेछ। पुनर्स्थापित बासिन्दामध्येबाट कतिपय पुनः कमैयामा फर्किने कारण यो पो रहेछ।

पुनर्स्थापित बासिन्दामध्ये कृषिबाहेक सिकर्मी, डकर्मी आदिको विशेष सीप भएका व्यक्तिहरू ज्यालादारी मजदुरको रूपमा सह-आय पनि बढाइरहेका थिए। त्यतिमात्र होइन बढेको आयबाट गोरु किनेर जमिन्दारसँग आफूलाई फाइदा हुने सम्झौता गरी "मोही" को रूपमा जग्गा कमाउनेहरू पनि देखा परे। मोही भनेको जमिनदारको जग्गामा कृषिकार्य गरेबापत उत्पादनको निश्चित भाग (यस सन्दर्भमा आधा) जमिनदारलाई दिने प्रथा हो।

कमैया सम्झौतामा उत्पादनको परिमाणको मतलव हुँदैन। मोहीलाई आफ्नो भागको ग्यारेण्टी हुन्छ, कमैयालाई साधारणतः चार भागको एक भाग मात्र प्राप्त हुन्छ। जुन जीवन निर्वाहको लागि पर्याप्त हुँदैन। उत्पादन राम्रो भयो भने कमैयाको तुलनामा मोहीको भाग दोब्बर हुन्छ। जसले गर्दा जीवननिर्वाह गर्न सजिलो हुन्छ। तर विभिन्न किसिमका रोग तथा प्रतिकूल मौसमका कारण बाली राम्रो नभएमा आफ्नो भाग कममात्र होइन, कहिलेकाहीँ त शून्यसमेत हुनसक्ने सम्भावना हुन्छ। त्यसैले आफ्नो केही बचत नभएका किसानहरूलाई मोही बन्न सजिलो हुँदैन।

## समझदारीको बाटोमा

यसरी पत्ता लागेका तथ्यहरूबाट पुनर्स्थापित बासिन्दाहरूलाई कसरी सहयोग गर्न सकिन्छ भन्ने कुरामा बल्ल एउटा मार्गनिर्देशन बन्यो। त्यसलाई एउटै वाक्यमा यसरी भन्न सकिन्छः "पुनर्स्थापित बासिन्दाको जीवनयापनको सुनिश्चिततालाई आघात नपारी जीवनस्तर उकास्ने अवसर बढाउँदै जानुपर्छ।"

सहयोग कार्यक्रमअन्तर्गत बासिन्दालाई आकस्मिक खर्चको आवश्यकता परेमा जमिन्दारसँग ऋण नलिइकनै सामूहिक बचत, अन्य सह-आयका अवसरहरू बढाउने व्यावसायिक तालिम, कमैयाबाट मोहीमा सम्झौता परिवर्तन गराउनका लागि सामूहिक गोरु खरिद गर्ने आदि सम्बन्धमा पनि विचार गर्न सकिने भयो।

यस किसिमका अभियानलाई सँगसँगै अगाडि बढाउन सकियो भने पुनः कमैयामा फर्कन सक्ने सम्भावना भएका बासिन्दाहरूलाई पनि क्रमशः ज्यालादारी मजदुर हुँदै मोहीको रूपमा (अगाडिको तालिकामा उल्लेख गरिएजस्तै) माथिल्लो तहमा लैजान सकिन्छ भनेर मैले विचार गरेँ ।

अर्कोतर्फ अब सञ्चालन गर्ने कार्यक्रममा स्पेसको पनि मुख्य रूपमा "खेल" लाई अघि बढाउन राम्रो होला भन्ने विचार थियो । त्यसपछिको अनुसन्धानबाट गाउँभित्रका झैझगडा गाउँमै मिलाउने परम्परा तथा स्थानीय बासिन्दाका जीवनका हरेक पक्षमा उनीहरूकै सङ्गठन "खेल" ले महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको कुरा थाहा भयो ।

यद्यपि उपर्युक्त विषयमा पुनर्स्थापित बासिन्दाहरूसँग होइन, म र स्पेसबीच मात्र कुराकानी भएको थियो । यहाँनेर हामीले एकतर्फी रूपले कार्यक्रमको विषयवस्तु तथा प्रक्रियाको निर्धारण गरी स्थानीय बासिन्दामाथि जबर्जस्ती लाद्ने हो भने अहिलेसम्म हामीले गरेको विभिन्न प्रयासहरूको के अर्थ ? त्यसकारण यसपटकदेखि अनुसन्धानको परिणामउपर सबै बासिन्दासँग छलफल गरी उनीहरू स्वयंलाई आफ्नो समस्याको सम्बन्धमा विश्लेषण गर्न लगाउनु पर्ने बुझियो ।